नेपाली / ***NEPALI***

01/26/21

**सम्पर्क: Kelly Tyrrell, Kelly.tyrrell@wisc.edu**

## अर्को समूहको खोप योग्यता मार्च १ देखि शुरू हुने

MADISON – जनवरी २६ मा, *Wisconsin Department of Health Services* ले विस्कन्सिनमा चरण १ख (*Phase 1b*) अन्तर्गत *COVID-19* को खोप पाउन योग्य व्यक्तिहरूको समूहहरू घोषणा गर्नेछ। राज्यभरी खोपको उपलब्धता अनुसार यी समूहहरूले खोप मार्च १ मा लगाउन शुरू गर्नेछन्।

प्राथमिकताको क्रममा योग्य समूहहरू समावेश हुनेछन्: चाइल्डकेयर र शिक्षा (यसमा क्याम्पस बाल हेरचाह केन्द्रहरू र उच्च शिक्षा अवस्थामा विद्यार्थीहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गर्ने कर्मचारीहरू समावेश छन् ), *Medicaid* को दीर्घकालीन कार्यक्रमहरूमा सहभागी व्यक्तिह रू, केही सर्वसाधारणसँग अन्तर्क्रिया गर्ने अत्यावश्यक कर्मचारीहरू (खाद्य आपूर्ति, उपयोगिता र पूर्वाधारकर्मीहरू, आदि), गैर-फ्रन्टलाइन स्वास्थ्य सेवाका अत्यावश्यक कर्मचारीहरू, र एकै ठाउँमा बसोबास गर्ने आवासी र परिसर कर्मचारीहरू (विश्वविद्यालय आवासीय हल वा को-अप बाहेक)।

*UW–Madison* ले यी मापदण्डहरूको साथ क्याम्पस समुदायका सदस्यहरूलाई आफ्नो योग्यता पहिचान गर्न र सूचित गर्न र खोपका लागि अर्को चरणहरू प्रदान गर्न यो जानकारी उपलब्ध गराउने काम गर्नेछ। कृपया आगामी केही हप्ताहरूमा *University Health Services* बाट आउने अपडेटहरू तपाईंको wisc.edu को ईमेलमा हेर्नुहोला।

*U.S. Food and Drug Administration* ले *COVID-19* विश्वव्यापी महामारीको यो चरणको लागि दुईवटा खोपलाई स्वीकृति दिएको छ। दुईवटै खोपहरू, एउटा *Moderna* र अर्को *Pfizer-BioNTech* को, सुरक्षित र *COVID-19* लगाउने भाइरस बिरूद्ध एकदमै प्रभावकारी छन्।

*UW–Madison* को खोप लगाउने प्रयासहरू, खोपको उपलब्धताको साथसाथै राज्य र संघीय मार्गदर्शनमा, जसले कुन समयमा को योग्य छ भनेर निर्धारण गर्दछ, निर्भर गर्दछन्। खोपको सीमित आपूर्तिको अवस्थामा योग्य समूहहरू भित्रका केही व्यक्तिहरूले *DHS* ले निर्धारण गरे अनुसार प्राथमिकता पाउन सक्दछन्।

*UHS* ले योग्य र पहिले नै अर्को प्रदायकद्वारा खोप नलगाएका व्यक्तिहरूलाई खोप लगाउने समय बनाउन कडा प्रोत्साहन गर्दछ। तर, खोप लगाउनै पर्नेछ भन्ने आवश्यक छैन।

जनस्वास्थ्य विज्ञहरू बताउँदछन् कि सामूहिक प्रतिरोध क्षमता, जसले कमजोर व्यक्तिहरूमा भाइरसको सङ्क्रमण सीमित गर्दछ, हाँसिल गर्नका लागि धेरै व्यक्तिहरूले खोप लगाउनु पर्दछ। खोप लगाउनाले तपाईं आफू, तपाईंको साथीहरू र परिवार र क्याम्पस समुदायलाई *COVID-19* बाट बचाउनको लागि सहयोग गर्दछ।

दुईवटै खोपहरूको थप जानकारी सहित, क्याम्पसमा खोपहरूको भर्खरैको समाचारको लागि, यो वेबसाईट हेर्नुहोला: https://news.wisc.edu/uw-madison-to-begin-vaccinating-members-of-campus-community-aged-65-and-older/

*UW–Madison Public Health Madison* र *Dane County* अनि क्षेत्रका स्वास्थ्य प्रणालीहरूसँग पनि नजिकैको साझेदारीमा काम गर्दैछ। कृपया यो संयुक्त घोषणा हेर्नुहोला: https://publichealthmdc.com/news/what-the-next-phase-of-wisconsin-vaccination-means-for-dane-county

*COVID-19* को खोप लगायत *UHS* मार्फत तपाईंको खोपको रेकर्ड हेर्नको लागि तपाईंको *MyUHS* खातामा लग-इन गर्नुहोस्: https://myuhs.uhs.wisc.edu/login_dualauthentication.aspx। "*Immunizations*" लेखेको ट्याब खोज्नुहोला।

# # #

-- Kelly April Tyrrell, kelly.tyrrell@wisc.edu, 608-262-9772